# महालक्ष्मी राजपत्र


## महालक्ष्मी नगरपालिकाद्वारा प्रकाशित

**खण्ड ३, कमलपोखरी, आषाढ १६, २०७६ अतिरिक्ताङ्क ४**


# भाग - १

# महालक्ष्मी नगरपालिका शिक्षा ऐन, २०७६

**प्रस्तावनाः**

नेपालको संविधानबमोजिम स्थानीय तहलाई प्राप्त शिक्षा सम्बन्धी अधिकार कार्यान्वयन गर्न र महालक्ष्मी नगरपालिका क्षेत्रभित्र स्थापना हुने तथा स्थापना भई सञ्चालनमा रहेका आधारभूत तथा माध्यमिक विद्यालयहरुको व्यवस्थापन सुधार गर्दै गुणस्तरीय शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी महालक्ष्मी नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस ऐनको नाम "महालक्ष्मी नगरपालिका शिक्षा ऐन, २०७६" रहेको छ।

(ख) यो ऐन महालक्ष्मी नगरपालिका क्षेत्रभर लागू हुनेछ।

(ग) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(१) "ऐन" भन्नाले महालक्ष्मी नगरपालिकाको शिक्षा ऐनलाई सम्झनुपर्छ।

(२) "संघीय शिक्षा ऐन" भन्नाले संघीय संसद्ले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ।

(३) "प्रदेश शिक्षा ऐन" भन्नाले प्रदेश नं. ३ को संसद्ले बनाएको शिक्षा ऐनलाई सम्झनुपर्छ।

(४) "नगरपालिका" भन्नाले नेपालको संविधान बमोजिम स्थापना भएको महालक्ष्मी नगरपालिकाकालाई सम्झनुपर्छ।

(५) "कार्यपालिका" भन्नाले महालक्ष्मी नगरपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ।

(६) "विद्यालय शिक्षा" भन्नाले आधारभूत शिक्षा र माध्यमिक शिक्षा सम्झनुपर्छ।

(७) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार वर्ष उमेर पूरा भई पाँच वर्ष उमेर पूरा नगरेका बालबालिकाका लागि दिइने प्रारम्भिक बाल शिक्षालाई सम्झनु पर्छ।

(८) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(९) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(१०) "विशेष शिक्षा" भन्नाले दृष्टिविहीन, बहिरा, अटिज्म, बौद्धिक अपाङ्गता, सुस्त श्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी विशेष प्रकार र निश्चित माध्यमबाट दिइने शिक्षा सम्झनुपर्छ।

(११) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनुपर्छः

(क) दृष्टिविहीन, न्यून दृष्टियुक्त, बहिरा, सुस्तश्रवण, अटिज्म, बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधीनमा रही दिइने शिक्षा,

(ख) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडि पारिएका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(१२) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान सीप तथा विषयवस्तु सिकाइको व्यवस्था गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म दिइने शिक्षालाई सम्झनुपर्छ।

(१३) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय र संस्थागत विद्यालय सम्झनुपर्छ।

(१४) "सामुदायिक विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ ।

(१५) "संस्थागत विद्यालय" भन्नाले सरकारबाट नियमित रुपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(१६) “प्रारम्भिक बाल शिक्षा केन्द्र” भन्नाले खण्ड (७) बमोजिमको शिक्षा दिन खोलिएको प्रारम्भिक बाल शिक्षा केन्द्र, नर्सरी, किन्डर गार्डेन र मन्टेश्वरी शिक्षा लगायतलाई सम्झनुपर्छ।

(१७) “आधारभूत विद्यालय भन्नाले खण्ड (८) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(१८) “माध्यमिक विद्यालय भन्नाले खण्ड (८) र (९) वा खण्ड (९) बमोजिमको शिक्षा दिइने विद्यालय सम्झनुपर्छ।

(१९) “धार्मिक विद्यालय” भन्नाले परम्परागत रूपमा चलि आएका गोन्पा, गुरुकुल, आश्रम, मदरसा जस्ता धार्मिक विद्यालयहरूलाई जनाउँदछ।

(२०) “नमुना विद्यालय” भन्नाले नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाबाट नमुना विद्यालयको रूपमा अनुमति वा स्वीकृति प्राप्त गरेको विद्यालयलाई सम्झनुपर्छ।

(२१) “मन्त्रालय” भन्नाले नेपाल सरकारको शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(२२) “प्रदेश मन्त्रालय” भन्नाले प्रदेश नं ३ को शिक्षा हेर्ने मन्त्रालय सम्झनुपर्छ।

(२३) “शिक्षक सेवा आयोग” भन्नाले संघीय शिक्षा ऐनबमोजिम गठन भएको शिक्षक तथा कर्मचारीहरूको स्थायी नियुक्तिका लागि सिफारिस गर्ने आयोग सम्झनुपर्छ।

(२४) “पाठ्यक्रम विकास केन्द्र” भन्नाले संघीय शिक्षा ऐनबमोजिम गठन भएको पाठ्यक्रम निर्माणका लागि जिम्मेवार निकायलाई सम्झनुपर्दछ।

(२५) "विद्यालय शिक्षक किताबखाना" भन्नाले संघीय शिक्षा ऐनबमोजिम गठन भएको विद्यालय शिक्षक किताबखाना सम्झनुपर्छ।

(२६) "प्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ।

(२७) "उपप्रमुख" भन्नाले महालक्ष्मी नगरपालिकाको उपप्रमुखलाई सम्झनुपर्छ।

(२८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(२९) "प्रमुख शिक्षा अधिकृत" भन्नाले महालक्ष्मी नगरपालिकाको शिक्षा शाखाको प्रमुख वा प्रमुखको कामकाज गर्न तोकिएको कर्मचारीलाई सम्झनुपर्छ।

(३०) "निरीक्षक" भन्नाले विद्यालयको निरीक्षण एवं सुपरीवेक्षण गर्न तोकिएको अधिकृत कर्मचारीलाई सम्झनुपर्छ।

(३१) "प्रधानाध्यापक" भन्नाले विद्यालयको प्राज्ञिक एवं प्रशासनिक प्रमुखको रूपमा दफा १४ अनुसार नियुक्ति भएको विद्यालयको प्रधानाध्यापकलाई सम्झनुपर्छ।

(३२) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(३३) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको अभिभावक भनी विद्यालयको अभिलेखमा जनिएको व्यक्ति सम्झनुपर्छ र सो शब्दले विद्यालय व्यवस्थापन समितिको गठन गर्ने प्रयोजनका लागि विद्यार्थीको बाबु वा आमा वा बाबुतर्फको बाजे वा बज्यैलाई जनाउँछ।

(३४) "कर्मचारी" भन्नाले विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारीलाई सम्झनुपर्छ।

(३५) "माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले माध्यमिक तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(३६) "आधारभूत शिक्षा उत्तीर्ण परीक्षा" भन्नाले आधारभूत तहको अन्त्यमा हुने परीक्षा सम्झनुपर्छ।

(३७) "अनुमति" भन्नाले नेपाल सरकार वा नगरपालिकाले स्थायी स्वीकृति वा सहायता प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिइएको अस्थायी स्वीकृतिलाई सम्झनुपर्छ।

(३८) "स्वीकृति" भन्नाले तोकिएबमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले दिएको स्थायी स्वीकृतिलाई सम्झनुपर्छ।

(३९) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनुपर्छ।

(४०) "शैक्षिक सत्र" भन्नाले विद्यालयमा अध्ययन अध्यापन गराइने वार्षिक अवधि सम्झनुपर्छ।

(४१) "शिक्षा समिति" भन्नाले यसै ऐनबमोजिम गठन भएको नगर शिक्षा समितिलाई सम्झनुपर्छ।

(४२) "परीक्षा समिति" भन्नाले आधारभूत शिक्षाको अन्त्यमा लिइने परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्न गठित समितिलाई सम्झनुपर्छ।

(४३) "व्यवस्थापन समिति" भन्नाले यसै ऐनबमोजिम विद्यालयहरूमा गठन हुने विद्यालय व्यवस्थापन समितिलाई सम्झनुपर्छ।

(४३) "शुल्क" भन्नाले तोकिएबमोजिमका विद्यालयले दफा १८ (७) अनुसार विद्यार्थीसँग लिन पाउने शुल्क सम्झनुपर्छ।

(४५) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ।

(४६) "स्थानीय सरकार सञ्चालन ऐन" भन्नाले संघीय संसद्ले जारी गरेको स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनुपर्छ।

(४७) "सभा" भन्नाले महालक्ष्मी नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ।

(४८) "स्थानीय तह" भन्नाले नेपालको संविधानबमोजिम गठन भएका गाउँपालिका वा नगरपालिका सम्झनुपर्छ।

(४९) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले यस ऐनअन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्डमा तोकिएको वा तोकिएबमोजिम सम्झनुपर्छ।

**३. विद्यालय खोल्न अनुमति लिनु पर्ने:**

(१) नगरपालिका बाहेक अन्य कुनै नेपाली नागरिकले विद्यालय खोल्न, कक्षा थप र तह थप गर्न चाहेमा सम्बन्धित वडाको सिफारिस सहित तोकिएको ढाँचामा नगरपालिकामा निवेदन दिनु पर्नेछ। त्यसरी निवेदन दिँदा संस्थागत विद्यालय खोल्न चाहनेले सो विद्यालय शैक्षिक गुठी वा सहकारी कुन रूपमा सञ्चालन गर्ने हो, सो व्यहोरासमेत निवेदनमा उल्लेख गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा प्रमुख शिक्षा अधिकृतले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्ने, गराउनेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा नगर शिक्षा समितिमा पेश गर्नेछ।

(३) उपदफा (२) बमोजिम विद्यालयले तोकिएको सर्त बन्देज पालना तथा पूरा गरेमा नगर कार्यपालिकाले सो विद्यालयलाई अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगरपालिका समक्ष निवेदन दिन सक्नेछन्।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालयको माग मनासिब देखिएमा मागबमोजिम नगर शिक्षा समितिले विद्यालय सञ्चालन गर्न स्वीकृति दिन सक्नेछ।

(६) उपदफा (२) वा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालन गर्न अनुमति दिइने छैन।

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएको विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय,

(७) (क) शैक्षिक गुठीको रूपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई नगरपालिकामा दर्ता गराउनु पर्नेछ।

(ख) शैक्षिक गुठी, निजी वा सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ।

(ग) शैक्षिक गुठी तथा सहकारीअन्तर्गत विद्यालय सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(८) निजी स्रोतबाट प्रारम्भिक बाल शिक्षा केन्द्र खोल्ने अनुमति वा स्वीकृति सम्बन्धी व्यवस्था उपदफा (१) बमोजिम हुनेछ।

(९) सामाजिक परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी गुरुकुल, मदरसा, गुम्बा समेतका विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको प्रक्रिया पूरा गरी सार्वजनिक शैक्षिक गुठीअन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(१०) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति सम्बन्धी व्यवस्था उपदफा (१) र (२) बमोजिम नै हुनेछ।

(११) प्रचलित नेपाल कानुनबमोजिम स्थापना भई सञ्चालनमा रहेका विद्यालयहरू यसै ऐनबमोजिम स्थापना भएको मानिनेछ।

(१२) उपदफा ९ बमोजिम अनुमति वा स्वीकृति प्राप्त विद्यालयको सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**४. विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्था**:

(१) नगरपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी कुनै सामुदायिक विद्यालयमा विशेष शिक्षा, समावेशी शिक्षा, दूर तथा खुला शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्नेछ।

(२) विशेष शिक्षा र समावेशी शिक्षा सम्बन्धी व्यवस्था साधारण शिक्षा सरह हुनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि विशेष शिक्षातर्फ अध्ययनरत बालबालिकाका लागि पाठ्यक्रम पाठ्यपुस्तक, सिकाइ सहजीकरण प्रक्रिया र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

(४) नगरपालिकाले आवश्यकता अनुसार सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरोत्तर एवं निरन्तर शिक्षा लगायतका अन्य अनौपचारिक शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्न सक्नेछ।

(५) तोकिएको पूर्वाधार पूरा गरेको पाइएमा नगरपालिकाले कुनै संस्थागत विद्यालयलाई यस दफामा उल्लिखित कार्यक्रमहरू आफ्नै स्रोतमा सञ्चालन गर्न अनुमति दिन सक्नेछ ।

(६) विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षा सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**५. शिक्षाको प्रकार:**

(१) विद्यालय शिक्षाको प्रकार देहायअनुसार हुनेछ :

(अ) आधारभूत शिक्षा

(क) साधारण शिक्षा

(ख) परम्परागत धार्मिक शिक्षा

(आ) माध्यमिक शिक्षा

(क) साधारण शिक्षा

(ख) परम्परागत धार्मिक शिक्षा

(ग) प्राविधिक तथा व्यावसायिक शिक्षा

**६. शिक्षाको माध्यमः**

(१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अङ्ग्रेजी भाषा वा दुवै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा शिक्षाको माध्यम देहायबमोजिम हुन सक्नेछ :-

(क) आधारभूत तहको प्रारम्भिक बाल शिक्षादेखि कक्षा पाँचसम्म विद्यार्थीको मातृभाषामा शिक्षा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले विद्यालयमा अध्ययन गर्दा निजले चाहेमा अनिवार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषा विषय अध्ययन गर्न सक्नेछ र सो सम्बन्धी व्यवस्था नगरपालिकाको समन्वयमा विद्यालयले मिलाउनु पर्नेछ,

(ग) भाषा विषयमा अध्यापन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ।

**७. विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः**

(१) विद्यालयले संघीय सरकार, प्रदेश सरकार र नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम पाठ्यपुस्तक र अन्य सन्दर्भ सामग्री लागू गर्नु पर्नेछ।

(२) पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था संघीय कानुन, प्रदेश कानुनमा व्यवस्था भएबमोजिम वा तोकिएबमोजिम हुनेछ।

**८. नगर शिक्षा समितिः**

(१) महालक्ष्मी नगरपालिका क्षेत्रभित्र सञ्चालन भइरहेका र स्थापना हुने विद्यालयको व्यवस्थापन, रेखदेख र समन्वय लगायतका कार्य गर्नको लागि देहाय बमोजिमको नगर शिक्षा समिति रहनेछ।

(क) प्रमुख, महालक्ष्मी नगरपालिका - अध्यक्ष

(ख) उपप्रमुख, महालक्ष्मी नगरपालिका - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका - सदस्य

(घ) नगरपालिकाको सामाजिक विकास समितिको संयोजक - सदस्य

(ङ) नगर कार्यपालिकाका सदस्यहरू मध्येबाट महिला र दलित समुदायको प्रतिनिधत्व हुने गरी नगर प्रमुखले तोकेको दुई जना - सदस्य

(च) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्येबाट नगर शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(छ) सामुदायिक विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(ज) संस्थागत विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना - सदस्य

(झ) स्थानीय सामुदायिक संस्था वा शिक्षा क्षेत्रमा क्रियाशील विज्ञमध्येबाट समितिले मनोनित गरेको एक जना - सदस्य

(ञ) शिक्षक महासंघको महानगर समितिको अध्यक्ष वा निजले तोकेको महानगर समितिको पदाधिकारी एक जना - सदस्य

(ट) प्रमुख शिक्षा अधिकृत - सदस्य सचिव

(२) समितिमा मनोनित सदस्यहरूको पदावधि दुई वर्षको हुनेछ। त्यस्ता सदस्यहरूले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा निजलाई मनोनित गर्ने निकायले जुनसुकै बखत पदबाट हटाउन सक्नेछ। तर यसरी हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन।

(३) समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(४) नगर शिक्षा समितिको काम, कर्तव्य र अधिकार प्रचलित कानुन बमोजिम अन्यत्र लेखिएका काम, कर्तव्य र अधिकारको अतिरिक्त देहाय बमोजिम हुनेछः-

(क) बालबालिकालाई आधारभूत शिक्षासम्मको अध्ययन अनिवार्य रूपमा गराउन अभिभावकलाई जानकारी गराउने तथा त्यसका लागि प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराइ राख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराइराख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी सम्बन्धित निकायमा सुझाव पठाउने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पुऱ्याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरिबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरीवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार आदि सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी सुधारका लागि सहयोग गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्न सहयोग गर्ने,

(ञ) नगरपालिका क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राखी त्यस्ता जनशक्तिलाई स्वयंसेवक भई विद्यालयमा अध्यापन गर्न प्रोत्साहित गर्ने,

(ट) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ठ) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ड) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोका लागि पुरस्कारको व्यवस्था गर्ने,

(ढ) आफ्नो क्षेत्रभित्रका बालबालिकाका विद्यालय शिक्षामा पहुँच बढाउनको लागि व्यवस्था गर्ने,

(ण) आफ्नो क्षेत्रभित्र विशेष शिक्षा तथा समावेशी शिक्षा, गुरुकूल, मदरसा, गुम्बाबाट प्रदान गरिने शिक्षा सम्बन्धी योजना तर्जुमा गर्ने,

(त) विद्यालयहरूको विपद् जोखिम अवस्था लेखाजोखा गरी प्रभाव न्यूनीकरणका लागि कार्ययोजना तयार गर्ने,

(थ) विद्यालय शिक्षामा सुधारका लागि नगर शिक्षा नीति तथा योजना बनाई स्वीकृतिका लागि नगर सभामा पेस गर्ने,

(द) आफ्नो सेवा क्षेत्रभित्र विद्यालय सञ्चालन अनुमति, स्वीकृति, विद्यालय सार्ने, गाभ्ने लगायतका कार्य गर्ने गराउने,

(ध) आफ्नो सेवा क्षेत्रभित्रका शिक्षक, कर्मचारीहरूको विवरण अद्यावधिक गराउने, रिक्त दरबन्दीमा स्थायी नियुक्तिका लागि सिफारिस गर्न शिक्षक सेवा आयोगमा विस्तृत विवरण सहितको माग पेश गर्न लगाउने,

(न) कुनै शिक्षक वा कर्मचारीलाई यस कार्यविधिबमोजिम विद्यालय व्यवस्थापन समितिले कार्यवाही गर्न अधिकार नभएको विषयमा कारबाहीका लागि समितिको रायसहितको प्रतिवेदन प्राप्त भएमा सो उपर कार्यवाही गर्ने गराउने,

(प) नगरपालिकाको शैक्षिक क्यालेण्डर निर्माण गरी कार्यान्वयन गर्न लगाउने,

(फ) विद्यालय नक्साङ्कन तथा समायोजन सम्बन्धी कार्य गर्ने,

(ब) नगर शिक्षा समितिको अन्य काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**९. शिक्षा समितिको बैठक**

(१) नगर शिक्षा समितिको बैठक सामान्यतया दुई महिनामा एकपटक बस्नेछ । तर आवश्यक परेमा सो भन्दा अगावै समेत बस्न सक्नेछ ।

(२) समितिका अध्यक्षको निर्देशनमा सदस्य सचिवले बैठक बोलाउनेछ ।

(३) बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

**१०. परीक्षाको सञ्चालन र व्यवस्थापन**

(१) माध्यमिक शिक्षाको कक्षा दश र माध्यमिक तहको अन्त्यमा हुने परीक्षाको सञ्चालन संघीय शिक्षा ऐनबमोजिम हुनेछ ।

(२) आधारभूत शिक्षा उत्तीर्ण परीक्षा नगरपालिकाले सञ्चालन गर्नेछ।

(३) **आधारभूत तह उत्तीर्ण परीक्षा समितिः** आधारभूत तह उत्तीर्ण परीक्षाको सञ्चालन तथा व्यवस्थापन तथा नतिजा विश्लेषण समेतको कार्य गर्न देहाय बमोजिमको आधारभूत तह उत्तीर्ण परीक्षा समिति हुनेछ ः

(क) प्रमुख प्रशासकीय अधिकृत, महालक्ष्मी नगरपालिका - अध्यक्ष

(ख) प्रमुख शिक्षा अधिकृत, महालक्ष्मी नगरपालिका - सदस्य

(ग) नगरपालिकाभित्रका आधारभूत र माध्यमिक तहको सामुदायिक विद्यालयका शिक्षकहरूको प्रतिनिधित्व हुने गरी कम्तिमा एक जना महिलासहित परीक्षा समितिद्वारा मनोनित दुई जना - सदस्य

(घ) नगरपालिकाभित्रका संस्थागत विद्यालयका शिक्षकहरू मध्येबाट परीक्षा समितिद्वारा मनोनित एक जना - सदस्य

(ङ) शिक्षा युवा तथा खेलकुद शाखाको शाखा अधिकृत - सदस्य-सचिव

(४) समितिको मनोनित सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(५) परीक्षा समितिले विषय विशेषज्ञ वा कुनै कर्मचारीलाई बैठकमा भाग लिन आमन्त्रण गर्न सक्नेछ।

(६) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैंले निर्धारण गरेबमोजिम हुनेछ।

(७) आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य तथा अधिकार देहायबमोजिम हुनेछः-

क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

ख) नगरपालिकाले तोकेको न्यूनतम शैक्षिकस्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफैँ वा समूहगत रूपमा सञ्चालन गर्न अनुमति दिने,

ग) परीक्षा केन्द्र तोक्ने र केन्द्राध्यक्ष नियुक्ति गर्ने,

घ) प्रश्नपत्र निर्माण, उत्तरकुञ्जिका निर्माण, उत्तरपुस्तिका परीक्षण तथा सम्परीक्षण गराउने,

ङ) विद्यालयहरूलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

च) परीक्षाफल प्रकाशित गराउने तथा उत्तीर्ण परीक्षार्थीहरूलाई प्रमाणपत्र दिने,

छ) परीक्षा शुल्क तथा परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

ज) कुनै परीक्षा केन्द्रमा अनियमितता भएमा आवश्यकतानुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने,

झ) दैवीप्रकोप वा अन्य कुनै कारणबाट निर्धारित समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा पर्न गएमा तुरुन्तै आवश्यक निर्णय लिने,

ञ) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले तोके बमोजिमको अन्य कार्य गर्ने ।

ट) परीक्षा समितिले आफूलाई प्राप्त अधिकारहरूमध्ये आवश्यकता अनुसार केही अधिकार कुनै उपसमिति वा कार्यटोली वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**११. नगर शिक्षा कोषः**

(१) नगरपालिकामा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, विद्यार्थी, शिक्षक, कर्मचारी तथा अभिभावकहरूलाई प्रोत्साहन तालिम तथा क्षमता विकासका कार्य गर्न तथा आधारभूत तह परीक्षा सञ्चालनमा सहयोग पुऱ्याउन नगरपालिकामा एक नगर शिक्षा कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्ः-

(क) नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) संस्थागत विद्यालयबाट प्राप्त तोकिएबमोजिमको रकम,

(ग) शिक्षा समिति तथा परीक्षा समितिको निर्णयानुसार प्राप्त हुने रकम,

(घ) अन्य स्रोतबाट प्राप्त रकम।

(३) कोषको सञ्चालन, व्यवस्थापन र परिचालन शिक्षा समितिको निर्णयानुसार हुनेछ।

**१२. विद्यालय व्यवस्थापन समितिः**

(१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछ :

क) प्रमुख शिक्षा अधिकृत, सम्बन्धित वडाको वडाध्यक्ष र सम्बन्धित विद्यालयको प्रधानाध्यापक रहेको समितिले सिफारिस गरेका तीन जना शिक्षाविद् वा शिक्षाप्रेमी वा समाजसेवी वा अभिभावकहरुमध्येबाट नगरपालिकाले तोकेको व्यक्ति - अध्यक्ष

ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरूमध्येबाट सो वडा समितिले तोकेको सदस्य - सदस्य

ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजीवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर सहयोग गर्ने वा विद्यालयलाई पाँच लाख वा सोभन्दा बढी नगद वा जिन्सी सहयोग गरेका अभिभावकहरूमध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना महिला सहित दुई जना - सदस्य

घ) विद्यालयका शिक्षकहरूले आफूहरूमध्येबाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधि - सदस्य

ङ) उपलब्ध भएसम्म दलित अभिभावकहरूमध्येबाट वडा समितिले मनोनित गरेको एक जना - सदस्य

च) नगरपालिकाले तोकेको स्थानीय स्तरमा उपलब्ध एक जना विषय विज्ञ - सदस्य

छ) नगर प्रमुखले तोकेको नगरपालिकाको प्रतिनिधि एक जना - सदस्य

ज) विद्यालयका प्रधानाध्यापक - सदस्य-सचिव

(२) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका विद्यार्थीका अभिभावकहरू र समावेशी वा स्रोत कक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा एक जना सदस्य अपाङ्गता भएका विद्यार्थीका अभिभावक रहनेछन् ।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्यापन गराउने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा उद्योग तथा वाणिज्य संघका दुईजना प्रतिनिधि सदस्य रहनेछन् ।

(४) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनोट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ ।

(५) बाल क्लबका प्रतिनिधिलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ । बैठकमा बाल क्लबका प्रतिनिधिहरुले राखेको दृष्टिकोण निर्णय पुस्तिकामा उल्लेख गर्नु पर्नेछ ।

(६) व्यवस्थापन समितिको कार्यावधि ३ वर्षको हुनेछ ।

(७) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सो कारण खुलाई नगरपालिकाले त्यस्तो समिति विघटन गर्न सक्ने छ । तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ ।

(८) सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ ।

**१३. संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः-**

१) संस्थागत विद्यालयको व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछः-

क) विद्यालयका संस्थापक वा लगानीकर्ताहरुमध्येबाट विद्यालयको सिफारिसमा  शिक्षा शाखाले मनोनित गरेको व्यक्ति - अध्यक्ष

ख) सम्बन्धित वडाको वडाध्यक्ष वा समितिले तोकेको वडा सदस्य - सदस्य

ग) अभिभावकहरुमध्येबाट एक जना महिलासमेत पर्ने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको दुई जना - सदस्य

घ) नगर शिक्षा युवा तथा खेलकुद शाखाको प्रतिनिधि - सदस्य

ङ) सम्बन्धित विद्यालयका शिक्षकहरुले आफूहरुमध्येबाट छानी पठाएको एक जना - सदस्य

च) विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

२) संस्थागत विद्यालयको व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार तोकिएबमोजिम हुने छन् ।

**१४. सामुदायिक विद्यालयहरूमा प्रधानाध्यापक सम्बन्धी व्यवस्थाः** प्रत्येक सामुदायिक विद्यालयमा सम्पूर्ण शैक्षिक तथा शैक्षणिक व्यवस्थापनका लागि एक प्रधानाध्यापकको पद रहनेछ ।

(१) माध्यमिक तहका लागि स्नातकोत्तर तथा आधारभूत तहका लागि स्नातक तहको शैक्षिक योग्यता पूरा गरी माध्यमिक तहमा कार्यरत कम्तीमा पाँच शैक्षिक सत्र र आधारभूत तहका लागि आधारभूत तहमा कम्तीमा पाँच शैक्षिक सत्र अध्यापन गरेका स्थायी शिक्षकहरूबाट विद्यालय विकास प्रस्ताव आह्वान गरी प्रस्तुतीकरण गर्न लगाई विज्ञहरूबाट मूल्याङ्कन गराई एक सूची तयार गरिनेछ । सोही सूचीमध्येबाट नगर शिक्षा समितिले प्रधानाध्यापक छनोट गरी सिफारिस गर्नेछ । यसरी सिफारिस गरिएका प्रधानाध्यापकहरूसँग नगरपालिकाले कार्यसम्पादन करार गराई नियुक्ति पत्र प्रदान गर्नेछ । कार्यसम्पादन करारको मूल्याङ्कनबमोजिम पुरस्कार र प्रोत्साहन तथा नकारात्मक उत्प्रेरणाको समेत व्यवस्था गरिनेछ । यसरी प्रधानाध्यापक नियुक्ति गर्दा वरिष्ठतम शिक्षकहरूलाई प्राथमिकता दिइनेछ ।

(२) प्रधानाध्यापक नियुक्ति प्रक्रिया सम्बन्धी थप व्यवस्था तथा काम कर्तव्य तथा अधिकारहरू तोकिएबमोजिम हुनेछन् ।

(३) संस्थागत विद्यालयहरूको प्रधानाध्यापक नियुक्ति विद्यालय व्यवस्थापन समिति आफैंले नियुक्त गर्न सक्नेछन् तर त्यसको आधिकारिक जानकारी नगरपालिकाको शिक्षा युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ।

**१५. विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) देहायको अवस्था वा तोकिएको जिम्मेवारी पूरा गर्न नसकेमा सोको कारण खुलाई शिक्षा शाखाको सिफारिसमा नगर शिक्षा समितिले विद्यालय व्यवस्थापन समितिलाई विघटन गर्न सक्नेछ।

(क) विद्यालयको सम्पत्ति हिनामिना गरेमा,

(ख) विद्यालयको शैक्षिक वातावरण खलबल्याएमा,

(ग) नेपाल सरकार, प्रदेश सरकार वा नगरपालिकाको नीति विपरीत काम गरेमा,

(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रूपमा गर्न नसकेमा वा

(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा। तर त्यसरी विघटन गर्नुअघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न र दफा १२ अनुसार विद्यालय व्यवस्थापन समिति गठन गर्न नगर शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ। उक्त समितिको म्याद बढीमा ६ महिनाको हुनेछ।

**१६. विद्यालयको सम्पत्तिः**

(१) विद्यालयको नाममा रहेको चल-अचल सम्पत्तिको सुरक्षा गर्ने प्रमुख दायित्व व्यवस्थापन समिति र पदीय दायित्व प्रधानाध्यापकको हुनेछ।

(२) सामुदायिक विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ । सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐनबमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको वा समायोजन गरिएको सामुदायिक विद्यालयको चल-अचल सम्पत्तिको व्यवस्थापन नगरपालिकाले गर्नेछ।

(३) शैक्षिक गुठी तथा सहकारीको रूपमा सञ्चालित संस्थागत विद्यालयको चल-अचल सम्पत्ति सोही विद्यालयको नाममा रहनेछ। त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र यो सम्पत्तिको स्वरूप नगरपालिकाको स्वीकृति विना परिवर्तन हुने छैन।

(४) कम्पनीको रूपमा सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति कम्पनीको नाममा रहनेछ।

(५) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ/संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नगर शिक्षा समितिको स्वीकृति लिनुपर्नेछ।

(६) उपदफा (५) बमोजिमको सम्पत्ति नगरपालिकाको स्वीकृति बेगर सट्टापट्टा र बेचबिखन गर्न पाइने छैन।

(७) विद्यालयको सम्पत्ति संरक्षण सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**१७. विद्यालयको वर्गीकरणः**

विद्यालयहरूलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

**१८. निःशुल्क शिक्षा तथा शुल्क सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) कुनै संघसस्था वा अभिभावकले आफ्नो स्वेच्छाले सामुदायिक विद्यालयलाई दिएको दान, उपहार, चन्दा वा सहयोग लिन सकिनेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा निःशुल्क र अनिवार्य तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क प्रदान गर्नको लागि आवश्यक स्रोतको व्यवस्था गरिनेछ।

(४) दृष्टिविहीन बालबालिकालाई ब्रेललिपि तथा बहिरा तथा स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका बालबालिकालाई साङ्केतिक भाषाको माध्यमबाट निःशुल्क शिक्षा प्रदान गर्ने व्यवस्था गरिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि भर्ना शुल्क लिन पाउने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण तथा मर्मत गर्नका लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले लिन पाउने तोकिएबमोजिमको शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ। यसरी शुल्क निर्धारणको स्वीकृति दिँदा विद्यालयले उपलब्ध गराएको सुविधाको आधारमा दिइने छ।

(८) संस्थागत विद्यालयले लिन पाउने शुल्क तथा शुल्क निर्धारणका आधारहरू लगायत अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(९) कुनै विद्यालयले यस ऐन तथा अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि वा मापदण्ड विपरीत कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्छ।

(१०) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई नगरपालिकाले पचास हजार रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**१९. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति सम्बन्धी व्यवस्थाः**

(१) नेपाल सरकार, प्रदेश सरकार तथा नगरपालिकाले सामुदायिक विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिएबमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

(२) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी सङ्ख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिएबमोजिम विपन्न तथा गरिब, महिला, जनजाति, दलित, अपाङ्गता भएका, द्वन्द्वपिडीत, शहिद परिवारका बालबालिका, मधेसी मुलका बालबालिका र जेहेन्दार विद्यार्थीलाई निःशुल्क छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(३) विद्यालयमा छात्रवृत्ति वितरणलाई व्यवस्थित गर्न तोकिए बमोजिमको छात्रवृत्ति वितरण समिति रहनेछ।

(४) उपदफा (३) बमोजिम छात्रवृत्तिका लागि विद्यार्थी छनोट गर्ने आधारहरू तथा प्रक्रिया सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२०. बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा पठाउनुपर्नेः**

(१) सबै अभिभावकले चार वर्ष पूरा भएका बालबालिकालाई प्रारम्भिक

बाल शिक्षा र पाँच वर्ष पूरा भएका बालबालिकालाई आधारभूत शिक्षाका लागि अनिवार्य रूपमा विद्यालय पठाउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम आफ्नो क्षेत्रभित्रका बालबालिकालाई विद्यालय पठाए नपठाएको सम्बन्धमा नगर शिक्षा समिति, सम्बन्धित वडाको वडा अध्यक्ष, प्रमुख शिक्षा अधिकृत, शिक्षा अधिकृत तथा सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीले अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ।

(३) कुनै अभिभावकले उपदफा (१) बमोजिम बालबालिकालाई विद्यालयमा पठाएको नदेखिएमा त्यस्तो अभिभावकलाई सम्झाई बुझाई, विशेष सहयोग तथा प्रेरित गरी त्यस्ता बालबालिकालाई विद्यालयमा पठाउन  लगाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम सम्झाई, बुझाई गर्दा समेत बालबालिकालाई विद्यालय नपठाउने अभिभावकलाई नगरपालिकाबाट उपलब्ध गराउने सेवा सुविधाबाट वञ्चित गर्न सकिनेछ।

(५) यस दफाबमोजिम विद्यालयमा भर्ना भएका विद्यार्थीलाई विद्यालयले निःशुल्क अध्ययन गराउनु पर्नेछ।

(६) विद्यालय जाने उमेर समूहका बालबालिकालाई अनिवार्य रूपमा विद्यालयमा भर्ना गर्ने विद्यार्थी भर्ना अभियान तथा कार्यक्रम तर्जुमा गरी लागू गर्ने दायित्व शिक्षा समितिको हुनेछ।

**२१. विद्यालय खोल्न, कक्षा थप गर्न, नाम परिवर्तन गर्न, सार्न, गाभ्न, समायोजन गर्न, कक्षा वा तह घटाउन वा बन्द गर्न सक्नेः**

(१) नगरपालिकाले नगर शिक्षा समितिको राय लिई कुनै ठाउँमा विद्यालय खोल्न, कक्षा थप गरी सञ्चालन गर्ने अनुमति

दिन, विद्यालयको नाम परिवर्तन गर्न, सञ्चालन भइरहेको कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न, दुई वा सोभन्दा बढी विद्यालय गाभी एउटा विद्यालय कायम गर्न, एउटा विद्यालयलाई अर्को विद्यालयमा समायोजन गर्न कुनै विद्यालयको तह वा कक्षा घटाउन वा बन्द गर्न सक्नेछ।

(२) विद्यालय खोल्ने, कक्षा थप गर्ने, नाम परिवर्तन गर्ने, सार्ने, गाभ्ने, समायोजन गर्ने, कक्षा वा तह घटाउने वा बन्द गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२२. शिक्षकको सरुवाः**

(१) सरुवा हुन चाहने स्थायी शिक्षकले तोकिएबमोजिमको निवेदन फाराम भरी नगरपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख शिक्षा अधिकृतले दरबन्दी रिक्त र विषय मिल्ने देखिएमा त्यस्तो शिक्षकलाई सरुवा गर्न सक्नेछ। तर त्यसरी सरुवा गर्दा निवेदक कार्यरत स्थानको वि.व्य.स.को सिफारिस तथा नगरपालिका वा गाउँपालिकाको सहमति लिई नगर शिक्षा समितिको निर्णयबमोजिम सरुवा गर्न सकिनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटै विद्यालयमा पाँच वर्ष सेवा अवधि पूरा गरेको स्थायी शिक्षकलाई तोकिएबमोजिमको मापदण्डको आधारमा नगरपालिकाले आफ्नो नगरभित्रको कुनै पनि विद्यालयमा सरुवा गर्न सक्नेछ। तर दरबन्दी मिलान गर्दा वा तोकिएबमोजिमको विशेष कारणवश कुनै शिक्षकलाई कुनै विद्यालयबाट सरुवा नगरी नहुने भएमा त्यस्तो शिक्षकको एउटै विद्यालयमा पाँच बर्ष पूरा नभएको भए पनि कारण खुलाई यस दफाबमोजिम सरुवा गर्न बाधा पर्ने छैन।

(४) स्थायी नियुक्ति लिएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सोभन्दा कम अवधि बाँकी रहेको शिक्षकको सामान्यतया सरुवा गरिने छैन ।

(५) माथि जुनसुकै कुरा लेखिएको भएतापनि कुनै विद्यालयमा विद्यार्थी संख्या कम भएमा बढी विद्यार्थी संख्या भएको विद्यालयमा कामकाज गर्ने गरी नगर शिक्षा समितिले काज सरुवा गर्न सक्नेछ ।

(६) नगरपालिका भित्र विद्यार्थी र शिक्षक अनुपातका आधारमा दरवन्दी मिलानका क्रममा समेत नगर शिक्षा समितिले शिक्षक सरुवा गर्न सक्नेछ ।

**२३. करारमा शिक्षक तथा कर्मचारी छनोट समितिः**

(१) सामुदायिक विद्यालयमा करारमा शिक्षक तथा कर्मचारी नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहायबमोजिमको एक छनोट समिति गठन गरिने छ :-

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य - अध्यक्ष

(ख) प्रमुख शिक्षा अधिकृतले तोकेको शाखा अधिकृत- सदस्य

(ग) विषय विज्ञको सूची मध्येबाट गोला प्रथाबाट परीक्षा हुनुभन्दा बढीमा ६ घण्टा अगाडि खण्ड (ख) बमोजिमको अधिकृत प्रतिनिधिको रोहवरमा छनोट गरेको विज्ञ दुई जना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य सचिव

(२) शिक्षक सेवा आयोगले शिक्षक छनोट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनोट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ ।

(३) शिक्षक छनोट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) यस सम्बन्धी अन्य व्यवस्थाहरू करारमा शिक्षक तथा कर्मचारी छनोट सम्बन्धी कार्यविधि निर्माण गरी सोहीबमोजिम गरिनेछ।

**२४. शिक्षक नियुक्ति सम्बन्धी व्यवस्था:**

(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नुपर्ने भएमा व्यवस्थापन समितिले शिक्षा, युवा तथा खेलकुद शाखा मार्फत शिक्षक सेवा आयोगबाट करारमा शिक्षक नियुक्तिको लागि प्रकाशित भएको सूची माग गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम माग गरेको सूची प्राप्त भए पछि सूचीमा रहेका उम्मेदवारहरू मध्येबाट योग्यताक्रमका आधारमा व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(३) उपदफा (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारले शिक्षक पदमा नियुक्त हुन निवेदन नदिएमा व्यवस्थापन समितिले शिक्षक छनोट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि योग्यता पुगेका कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ। एक वर्षसम्म पनि सो दरबन्दीमा स्थायी शिक्षक पदपूर्ति हुन नसकेमा ६ महिनासम्म म्याद थप्न सकिनेछ।

(४) उपदफा (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ।

(५) राहत अनुदान कोटामा करार शिक्षक छनोट सम्बन्धी व्यवस्था यसै दफामा उल्लेख भए बमोजिम हुनेछ।

**२५. विद्यालय तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई अनुदानः**

(१) नगरपालिकाले सामुदायिक विद्यालयहरूलाई देहायको आधारमा अनुदानको बाँडफाँड गर्नेछ :-

(क) विद्यालयको विद्यार्थी सङ्ख्या

(ख) विद्यालयको शिक्षक सङ्ख्या

(ग) विद्यालयको सिकाइ उपलब्धि

(घ) विद्यालयको आर्थिक अवस्था

(२) नगरपालिकाको सहयोगमा खोलिएका प्रारम्भिक बाल शिक्षा केन्द्रलाई तोकिएबमोजिम नगरपालिकाले अनुदान दिन सक्नेछ।

(३) विद्यालयले प्राप्त गरेको रकम जुन कामका लागि खर्च गर्न निकासा भएको हो सोही शीर्षकमा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार खर्च गर्नु पर्नेछ।

(४) यस ऐन प्रारम्भ हुँदाका बखत सामुदायिक विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गरिने छैन। तर कुनै विद्यालयले तोकिएको शैक्षिक स्तर कायम गर्न नसकेमा र विद्यालयको तह वा कक्षा घटेकोमा वा समायोजन भएकोमा त्यस्तो विद्यालयलाई दिँदै आएको अनुदान रकममा कटौती गर्न कुनै बाधा पर्ने छैन।

**२६. साझेदारीमा विद्यालय सञ्चालन गर्न सक्नेः**

(१) नगरपालिकाले सामुदायिक विद्यालय, संस्थागत विद्यालय र सार्वजनिक गुठी अन्तर्गत सञ्चालित विद्यालयहरूबीच साझेदारीमा विद्यालय सञ्चालन गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमका विद्यालयको व्यवस्थापन समिति गठन, काम, कर्तव्य र अधिकार साझेदारीका तरिका तथा अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२७. सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्ने:**

(१) नगरपालिकाले समुदायमा साक्षरता, सीप विकास, निरन्तर सिकाइ र पुस्तकालय व्यवस्थापन समेतको काम गर्न तोकिएबमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

(२) सामुदायिक सिकाइ केन्द्र एक वडामा एउटाभन्दा बढी हुने छैन।

(३) सामुदायिक सिकाइ केन्द्र सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**२८. निर्देशन दिन सक्ने:**

(१) कार्यपालिकाले आवश्यकता अनुसार नगर शिक्षा समिति, र विद्यालय व्यवस्थापन समितिलाई निर्देशन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**२९. अनुमति वा स्वीकृति रद्द गर्ने:**

कुनै विद्यालयले यो ऐन, यस अन्तर्गत बनेका नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड वा नगरपालिकाले दिएको निर्देशन विपरीत काम गरेमा त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति नगरपालिकाले रद्द गर्नेछ । तर प्रचलित कानुनबमोजिम सफाइ पेश गर्ने मौका प्रदान गरिनेछ।

**३०. विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नुपर्ने:**

(१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा सिकाइ सहजीकरण गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालयलाई सुरक्षित क्षेत्र कायम सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३१. बालबालिकालाई शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुने**ः

(१) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन ।

**३२. शिक्षक तथा कर्मचारीको पदीय आचरण**ः

(१) शिक्षकहरू उच्च आदर्शले प्रेरित भई सिकाइ सहजीकरण कार्यमा संलग्न हुनु पर्नेछ ।

(२) शिक्षक तथा कर्मचारीहरूका लागि आचारसंहिता तोकिनेछ । तोकिएका आचारसंहिताको पालना गर्नु शिक्षक तथा कर्मचारीको कर्तव्य हुनेछ ।

(३) तोकिएको आचारसंहिताको पालना नगरेमा एवम् देहायको अवस्थामा शिक्षक वा कर्मचारीलाई पदबाट हटाइनेछ ।

क) पदीय दायित्व पूरा नगरेमा,

ख) विना सूचना लगातार १५ दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

ग) विद्यालयमा मादक पदार्थ सेवन गरी आएको प्रमाणित भएमा,

घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

च) शिक्षक वा कर्मचारी राजनीतिक दलको कार्यकारिणी समितिको सदस्य रहेको पाइएमा, यस खण्डको प्रयोजनका लागि कार्यकारिणी समिति भन्नाले राजनीतिक दलको

विधानबमोजिम गठित केन्द्रीय स्तर, प्रदेश स्तर, जिल्ला स्तर वा स्थानीय स्तरका कार्यकारिणी समितिलाई सम्झनुपर्छ ।

**३३. शिक्षकलाई अन्य काममा लगाउन नहुने:**

(१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने विद्यालयको प्रशासनिक व्यवस्थापन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन पाइने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपुग्ने गरी राष्ट्रिय जनगणना, निर्वाचन सम्बन्धी काम, प्राकृतिक प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

**३४. तलव भत्ता नपाउने र सेवा अवधि गणना नहुने:**

नियमानुसार विदा वा काज स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेको शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब भत्ता पाउने छैन र त्यस्तो अवधि निजको सेवामा गणना हुने छैन ।

**३५. स्थायी आवासीय अनुमति लिन नहुने:**

सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले विदेशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन दिन हुँदैन । यो दफा प्रारम्भ हुनुअघि कसैले त्यस्तो आवासीय अनुमति लिएको वा त्यस्तो अनुमति प्राप्त गर्नका लागि आवेदन गरेको भए त्यस्तो शिक्षक वा कर्मचारीलाई भविष्यमा निजले काम गरेको सेवाका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिनेछ । यसरी बर्खास्त हुने शिक्षकले संघीय शिक्षा ऐनमा उल्लेख भए अनुसारका सुविधा मात्र प्राप्त गर्नेछ ।

**३६. कर्मचारी सम्बन्धी व्यवस्थाः**

विद्यालयमा रहने कर्मचारीको दरबन्दी, नियुक्ति प्रक्रिया र कर्मचारीले पाउने सुविधा तोकिएबमोजिम हुनेछ।

**३७. शिक्षक विद्यार्थीको अनुपात, दरबन्दी मिलान र थप शिक्षक सहायताः**

शिक्षक विद्यार्थीको अनुपात दरबन्दी मिलान र थप शिक्षक सहायता तोकिएबमोजिम हुनेछ।

**३८. ट्युसन, कोचिङ, जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा सञ्चालन सम्बन्धी व्यवस्थाः**

(१) ट्यूसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्स, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन गर्न नगरपालिकाबाट अनुमति लिनु पर्नेछ।

(२) ट्यूसन, कोचिङ, शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कोर्स, पूर्वतयारी कक्षा लगायतका सेवा सञ्चालन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

**३९. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न यस ऐनको अधीनमा रही कार्यपालिकाले देहायका विषयका अतिरिक्त आवश्यक अन्य विषयमा नियमावली, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्नेछ :

(क) विद्यार्थीलाई लाग्ने शुल्क निर्धारणका आधारहरू।

(ख) विद्यालयको छात्रवृत्ति।

(ग) विद्यालयलाई दिइने अनुदान।

(घ) प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन र व्यवस्थापन।

(ङ) विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण तथा मूल्याङ्कन।

(च) विद्यार्थी शिक्षक अनुपात तथा दरबन्दी मिलान।

(छ) विद्यालय नक्साङ्कन र समायोजन।

(ज) प्रति विद्यार्थी लागतका आधारमा शिक्षक सहयोग।

(झ) माध्यमिक तहको कक्षा एघार र बाह्रमा शिक्षक व्यवस्थापन।

(ञ) प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन।

(ट) विद्यालयको सह तथा अतिरिक्त कार्यकलाप र कार्यक्रम।

(ठ) विद्यालयको सम्पत्तिको सुरक्षा।

(ड) विद्यालयको नामकरण।

(ढ) विद्यालयमा छात्रावास सञ्चालन सम्बन्धी व्यवस्था।

(ण) स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र सन्दर्भ सामग्री।

(त) विशेष तथा समावेशी शिक्षा।

(थ) अनौपचारिक तथा निरन्तर शिक्षा।

(द) दूर तथा खुला शिक्षा।

(ध) नगर शिक्षा कोष।

(न) विद्यालयको कोष।

(प) विद्यालयको पुस्तकालय र वाचनालय।

(फ) ट्यूसन, कोचिङ, शैक्षिक परामर्श, भाषा शिक्षण जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवा।

(ब) शिक्षक तथा विद्यार्थीको आचारसंहिता।

(भ) विद्यार्थी सल्लाह तथा निर्देशन सेवा।

(म) शिक्षक तथा विद्यालय व्यवस्थापन तालिम।

(य) प्रधानाध्यापक नियुक्तिको लागि आवश्यक योग्यता, काम, कर्तव्य, अधिकार र सुविधा।

(र) विद्यालयको झण्डा, चिन्ह र प्रार्थना।

(ल) विद्यालयको परीक्षा।

(व) स्थानीय पुस्तकालय र वाचनालय सञ्चालन सम्बन्धी व्यवस्था।

(श) अभिभावक शिक्षा।

(स) करारमा शिक्षक तथा कर्मचारी छनोट।

(ष) संस्थागत विद्यालय वर्गीकरण

**४०. बाधा अड्काउ हटाउने अधिकारः**

यस ऐनको कार्यान्वयनमा बाधा अड्काउ परेमा कार्यपालिकाले आवश्यक आदेश जारी गर्नेछ।

**४१. बचाउ र लागू नहुनेः**

(१) यस ऐनअन्तर्गत बनेका दफामा लेखिएका कुराहरू यसै ऐनबमोजिम र यसमा नलेखिएका कुराहरू प्रचलित नेपाल कानुनबमोजिम हुनेछ।

(२) यस ऐन वा अन्तर्गत उल्लिखित कुनै विषय संघीय कानुन वा प्रदेश कानुनसँग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ।

प्रमाणिकरण मितिः २०७६/३/१६

नगरकार्यपालिकाको तर्फबाट,

**लक्ष्मी प्रसाद रेग्मी**

महालक्ष्मी नगरकार्यपालिकाको सचिव